# अध्याय -१०
# सार्वजनिक सेवाकार्यमा विशेष अपिल अर्थात् अनुरोधहरू (१)

## प्रारम्भिक दिनहरूमा बाटल क्रिक

बाटल क्रिक चर्चमा म सहभागी भएको थिएँ। स्वतन्त्र भएर कमसेकम एक घन्टासम्म प्रवचन दिएँ। मैले प्रस्तुत गरेका विषयवस्तुहरूमाः आदमको पतनले यस संसारलाई दयनीय अवस्थामा परेको र मृत्युलाई निम्त्याइएको र येशूले बेइज्जत र मृत्यु सहनुभएर पापीलाई अनन्त जीवन र अमरत्व दिलाइ दिनुभएको। विश्वासी भक्तहरू परमेश्वरमा  अर्पित हुनु आवश्यक छ भनेर सुनाउन मलाई महसुस भएको थियो। आफ्ना जीवनका सम्पूर्ण आयामहरू- शारीरिक, आत्मिक, बौद्धिक र भावनाहरूलाई पवित्र पार्न आवश्यक भएको मैले सुनाएँ। मोशाको मृत्यु र प्रतिज्ञा गरिएको कनान देशलाई उनले कसरी हेर्न पाए त्यो पनि मैले सुनाएँ। विश्वासीहरूमा गहिरो प्रभाव पारेको थियो। बेलुकीको सभामा जो येशूलाई आफ्नो जीवन समर्पण गर्न चाहन्छ अगाडि आउन हामीले आह्वान गऱ्यौं। तेऱ्ह जना मानिसहरू आए। सबैले प्रभुका निम्ति गवाही दिए। यो असल काम थियो।-*डायरी,* जनवरी १२, १८६८।

## मिशिगनको टिट्टलबावासमा उत्साहजनक काम

दिनभरि नै सुसमाचारीय कार्यक्रम भएको थियो। बिहान मेरा श्रीमान्ले सम्बोधन गरे। अपरान्ह भाइ आन्ड्रयुजले सम्बोधन गर्नुभएको थियो। त्यस पछि मैले पनि लामो समयसम्म बोलें। सुसमाचारीय सभाका कार्यक्रमहरूमा चासो देखाउनेहरूले प्रभुको सेवा गर्न कोही चाहन्छ भने अगाडि आउन अनुरोध गऱ्यौं। धेरै मानिसहरू अगाडि आए। मैले धेरै पल्ट बोलें। सैतानको पासोबाट फुत्किएर नयाँ जीवन

बिताउन सुरु गर्न मैले अनुरोध गरेँ। एक जना आमा उनको छोराकहाँ गएर रोइन् र अगाडि जान अनुरोध गरिन्। ऊ हठी, कडा हृदय भएको देखिन्थ्यो। आमाको अनुरोधलाई उसले वास्ता गरेन। म उठेर डी. भाइलाई उनका छोराछोरीलाई बाधा नदिन अनुरोध गरेँ। उनी अगाडि आए र त्यस दिनदेखि नयाँ जीवन बिताउने प्रतिबद्धता व्यक्त गरे। यो सुनेर हामी सबैको हृदय न्यानो भयो। उनी अनमोलका व्यक्तित्व थिए।

बहिनी इ.को श्रीमान उठे। आफू येशूलाई विश्वास गर्ने भनेर गवाही दिए। उनी प्रतिष्ठित व्यक्ति हुन्। उनी वकिल हुन्। उनकी छोरी पनि के गरुँ के गरुँ भनेर बसिरहेकी थिइन्। हाम्रो अनुरोधमा भाइ डी.ले थपे। हामीले बहिनी डी. र उनका छोराछोरीहरूलाई तिनीहरूको हृदय येशूलाई दिन आग्रह गर्‍यौं। हाम्रो आग्रह स्वीकार गरेर सबै जना अगाडि आए। बाबुहरू र तिनीहरूका छोराहरू पनि आए। अरू बाबुहरूले पनि तिनीहरूको अनुसरण गरे। त्यो दिन खुशीको दिन थियो। बहिनी इ.ले उनको जीवनमा सबभन्दा सुखद अनुभव गरेकी थिइन्।-*डायरी,* फेब्रुअरी १९,१८६८।

## बाटल क्रिकमा राम्रो प्रतिक्रिया

अपरान्ह मैले २ पत्रुसबाट सम्बोधन गरेँ। मलाई बोल्न स्वतन्त्र गरिएको थियो। एक घन्टा बोलेपछि जो येशूभक्त हुन चाहन्छ अगाडि आउन मैले अनुरोध गरेँ।तिसदेखि चालिससम्म बिस्तारै उठेर उत्तेजित नभएर अगाडि आए र बसे।हामीले तिनीहरूको सारा जीवन नै परमेश्वरमा समर्पण गर्न अनुरोध गर्‍यौं। जो मानिसहरू अगाडि आए तिनीहरूका निम्ति प्रार्थना गरियो। प्रार्थनाको समय बहुमूल्यको थियो। जो बप्तिस्मा लिन चाहन्छ उठ्न अनुरोध गरियो। धेरै जना उभे।-*डायरी,* जुन ९,१८७३।

## कोही हिचकिचाएपछि पनि सकारात्मक भए

यूहन्ना १७:३बाट मैले अपरान्ह सम्बोधन गरें (भर्जिनियाको स्टान्लीमा)। प्रभुले मलाई धेरै पवित्र आत्मा दिनुभयो। सभा घर भरिएको थियो। प्रभुप्रति निष्ठावान हुन चाहने अगाडि आउन मैले अनुरोध गरें। आफ्नो जीवन जिवित बलि बनाउन चाहनेलाई मैले अनुरोध गरें। केही समय त कोही पनि आएन। अनि पछि धेरै मानिसहरू अगाडि आए र आफ्ना भुलहरूलाई स्वीकार्दै गवाही दिए। त्यसबेला प्रार्थनाको अनमोल समय भएको थियो। धेरै मानिसहरू भक्कानो छोडेर रोए। तिनीहरूले तिनीहरूका पापहरूको पश्चात्ताप गरे। यो सबैले बुझिदिए कस्तो असल हुन्थ्यो! -*डायरी,* नभेम्बर ९, १८९०।

## एलेन जी. ह्वाइटले आफ्नो काम स्विटजरलान्डमा सुरु गर्छिन्

साबथ र आइतबार अनमोल समय थियो। (२) आइतवार अपरान्ह बोल्न प्रभुले मलाई विशेष आशिष दिनुभयो। प्रवचनको अन्तमा जो मानिसहरूले येशूलाई आफ्नो हृदय दिन चाहन्छन् तिनीहरूलाई अगाडि आउन अनुरोध गरियो। जो मानिसहरूले परमेश्वरसँग जीवित सम्बन्ध राखेका छैनन् तर उहाँसँग सम्बन्ध राख्न चाहन्छन् तिनीहरूलाई पनि आउन आह्वान गरियो। सबै जना प्रार्थनामा एकजुट भयौं, पापबाट क्षमा माग्न र सैतानले ल्याउने परीक्षाको सामना गर्न अनुग्रहका निम्ति प्रार्थना गऱ्यौं।

धेरैका निम्ति यो नयाँ अनुभव थियो। तर तिनीहरू हिचकिचाएनन्। सभा घरका सबै मानिसहरू उभिएका देखिन्थे। कोही बसेर भएतापनि सबै मिलेर प्रभुलाई खोज्न अनुरोध गरियो। चर्चका सबै सहभागीहरूले पापलाई पन्छाएर प्रभुलाई ग्रहण गर्न कटिबद्ध भए। परमेश्वरलाई खोज्न वा उहाँका बारेमा ज्ञान पाउने निष्ठामा तिनीहरू एक भए। प्रार्थना पछि एकसय पन्ध्र जनाले गवाही दिए। धेरै

मानिसहरूले परमेश्वरको उपस्थितिको अनुभव गरे।– *हिस्टोरिकल स्केचेस अभ द फरिन मिशनस् अभ द सेभेन्थ-डे एडभेन्टिस्टस्,* १७३।

## युरोपको नर्वेको क्रिस्टियानामा (ओस्लो)

हामी क्रिस्टियानामा दुई हप्ता बितायौं र चर्चका निम्ति कडा परिश्रम गर्‍यौं। धेरै सरल गवाही सुनाउन मलाई प्रभुको आत्माले अगुवाइ गर्नुभयो। यदि तिनीहरू परमेश्वरका छोराछोरीहरू हुन चाहे तिनीहरूको चरित्र पूरै परिवर्तन गर्नुपर्ने मैले सुसमाचारीय कार्यक्रमको अन्तिम दिनमा अनुरोध गरें। हृदयदेखि नै आफ्ना पाप र गलत प्रवृत्तिहरूलाई स्वीकार गर्दै पश्चात्ताप गरे तिनीहरूलाई त्याग्नुपर्छ भनेर मैले आग्रह गरें। त्यसो गरिएन भने चर्चमा नै येशूको मिठो आत्मा वा मिजासलाई भित्र्याउन सकिंदैन। अनि प्रभुको साथमा उभिन निर्णायक प्रतिबद्धता गर्न चाहनेले अगाडि आउन हामीले आह्वान गर्‍यौं। धेरै जना अगाडि आए। कतिले आफ्ना गल्तीहरूलाई स्वीकारिरहेका थिए। तिनीहरूले उत्साहित भएर गवाहीहरू दिए। –द *रिभ्यु एण्ड हेराल्ड,* अक्टोबर १९,१८८६।

## कतिले उभिएर नै आफ्नो प्रतिबद्धता देखाए

(स्विटजरलान्डको बेसलेमा) जो जो आफ्नो बहुआयामी जीवनलाई उच्चस्तरमा पुर्‍याउन परमेश्वरप्रति अत्यन्तै निष्ठावान भएर प्रयास गर्न प्रतिबद्धता गर्छन्, तिनीहरू उभिन आग्रह गरिएको थियो। सबै जना उठे। हामी आशा गर्दछौं कि तिनीहरू परमेश्वरको प्रभावकारी भक्त हुन सकून्। तिनीहरूले स्वर्गका चरित्रहरूलाई प्रतिबिम्ब गर्न तिनीहरूले सङ्कल्प गरून् र त्यसको निम्ति अटल भएर निष्ठावान होऊन्। ख्रीष्टको क्रूसका योद्धाहरू भएर विश्वासिलो र सत्यवादी बनाउन तिनीहरूलाई प्रभुले शक्तिसम्पन्न गराउनुभएको थियो।- डायरी, नभेम्बर २२, १८८५।

## बेसेलमा येशूप्रति विश्वास त्यागेकाहरू फर्किन्छन्

साबथ दिउँसो सङ्गति गर्न हामी फेरि भेला भयौं। छोटो समय लिएर मानिसहरूलाई फेरि सम्बोधन गर्दा प्रभुको आशिष ममा भएको मैले महसुस गरें। त्यहाँ भएको हलमा सबै मेचहरू भरिएका थिए र केही मेचहरू पनि भित्र ल्याएका थिए। सबै जनाले गहिरो चासो देखाएर सुने।

परमेश्वरका सेवकहरूले गरेको प्रार्थनामा सहभागी हुन चाहने अघि आउन मैले अनुरोध गरें। विश्वासबाट पछि हटेकाहरू जो प्रभुकहाँ फर्कन चाहन्छन् र उहाँलाई पाउन अथक प्रयास गर्छन् तिनीहरूले पाएको अवसरलाई सुधार्न सकिन्छ भनेर मैले सुनाएँ। अगाडिका सबै मेचहरू तुरन्तै भरिए र चर्चका सबै विश्वासीहरू चल्न थाले। तिनीहरू जहाँ छन् त्यहीँ बस्न सक्छन् र हामीले हाम्रै पापहरूलाई स्वीकार्दै प्रार्थना गर्नेछौं भनेर तिनीहरू बतायौं। प्रभुले उहाँको वचनमा यो प्रतिबद्धता गर्नुभएको थियो, " यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।" १ यूहन्ना १:९।

धेरै मानिसहरू भावुक भएर गवाही दिएका थिए। तिनीहरूले आफ्नो गहिरो भावना पोखे। तिनीहरूको हृदय परमेश्वरको आत्माले छोइरहनुभएको थियो भनेर महसुस गरिएको थियो। हाम्रो सङ्गति दिउँसो दुई बजेसम्म जारी रह्यो अनि पाँच बजेसम्म। अनि धेरै प्रार्थनाहरू गरेर त्यो भेलालाई बिसर्जन गर्‍यौं। -*डायरी,* फेब्रूअरी २०, १८८७।

## अस्ट्रेलियामा उल्लेखनीय अनुभव

**(१८९६), मे** २५को साबथमा एउटा सभागृहमा अमूल्य सभा भएको थियो। त्यो नर्थ फिट्ज्रोवाइमा छ। त्यहाँ हाम्रा विश्वासीहरू भेला हुन्थे। भेला हुनु धेरै दिन अघिदेखि नै साबथ दिनमा चर्चमा प्रवचन दिन मबाट अपेक्षा गरिएको थियो। दुर्भाग्यवस मलाई नराम्रो

रुँघा लागेको थियो र मेरो आवाज खस्रो थियो। चर्चमा प्रवचन दिन अस्वीकार गर्न मेरो मनमा लागेको थियो। तर यो केवल एक मात्र अवसर थियो। मैले यो अठोट गरें, "म मानिसका सामु आफूलाई प्रस्तुत गर्नेछु। मेरो भित्री हृदयदेखिको प्रार्थना प्रभुले सुन्नुहुनेछ भनेर म विश्वास गर्छु। ममाभएको धोत्रो आवाजलाई उहाँले निको पार्नुहुनेछ ताकि मैले मानिसहरूलाई सन्देश दिन सकूँ। स्वर्गका पितासँग उहाँले गर्नुभएको यो वाचा मैले दावी गरें, "म तिमीहरूलाई भन्दछु, माग, त तिमीहरूलाई दिइनेछ। खोज, त तिमीहरूले भेट्टाउनेछौ। ढकढक्याओ, त तिमीहरूका निम्ति खोलिनेछ। किनकि हरेक जसले माग्छ त्यसले पाउँछ, जसले खोज्छ त्यसले भेट्टाउँछ, र जसले ढकढक्याउँछ त्यसका निम्ति खोलिनेछ।

"तिमीहरूमध्ये कुनचाहिँ बुबा होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला, कि माछा माग्दा माछाको सट्टा सर्प देला? अथवा अण्डा माग्दा त्यसलाई बिच्छी देला? तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्छ।" लूका ११:९-१३।

परमेश्वरको वचन विश्वसनीय छ। मैले मागें र विश्वास गरें। मानिसका सामु बोल्न म सक्षम हुन्छु भनेर मैले विश्वास गरें। मैले बाइबलबाट एक अँश चुनें। तर जब म बोल्न उठें तब त्यो मेरो दिमागबाट गायब भयो। अनि २ पत्रुसको पहिलो अध्यायबाट बोल्नुपर्ने मैले महसुस गरें। परमेश्वरको अनुग्रहको मूल्यमान्यताका बारेमा बोल्न प्रभुले विशेष अवसर दिनुभयो। पवित्र आत्माको सहायताले मैले स्पष्ट र प्रभावकारी रूपमा बोल्न सक्षम भएँ।

जो जो आफूहरूलाई प्रभुमा पूर्ण रूपमा सुम्पन चाहन्छन् तिनीहरू अगाडि आउन निम्तो दिन मेरो प्रवचन पछि परमेश्वरले मलाई प्रभाव पार्नुभयो। जो परमेश्वरको सेवकका प्रार्थनाहरू गरेको चाहन्छ तिनीहरू आफूहरूलाई प्रस्तुत गर्न मैले अनुरोध गरें। तिस

जनाजति अगाडि आए। तिनीहरूमा एफ.दाजुभाइका श्रीमतीहरू थिए। तिनीहरूले परमेश्वरको सामु आउन पहिलो पल्ट इच्छा व्यक्त गरेका थिए। मेरो हृदय आभारले भरिएर बोल्नै सकिनँ। ती दुई स्त्रीहरूमा परमेश्वरको प्रभाव परेकोले मेरो हर्षको सीमा थिएन।

त्यो निमन्त्रणा गर्न ममा कसरी उत्कट भयो, त्यो मैले अब थाहा पाएँ। पहिला त म हिच्किचाएँ र यो आह्वान गर्नु असल थियो कि भनी मैले सोचेँ। मलाई थाहा थियो कि यस समयमा म र मेरो छोरोले मात्र सघाउँछौं भनेर मलाई थाहा थियो। मलाई कसैले बोलेको जस्तो लाग्यो, "के तिमीले प्रभुलाई विश्वास गर्न सक्दैनौं?" मैले भनें, "प्रभु म विश्वास गर्छु।" यस अवसरमा मैले त्यस्तो आह्वान गरेकोमा मेरो छोरो धेरै छक्क परेको थियो। तर आपतकालको सामना गर्न ऊ तयार थियो। मेरो छोरोले पनि भारी प्रेरित भएर सम्बोधन गर्‍यो। उसले यसरी बोलेको मैले कहिल्यै पनि सुनेको थिइनँ। त्यहाँ सन्नाटा छाएको थियो। उसले भाइ फकनहेड र उनका भाइ सालिसबरीलाई अगाडि आउन अनुरोध गर्‍यो। हामीले घुँडा टेकेर प्रार्थना गर्‍यौं। मेरो छोरोले प्रार्थनाको अगुवाइ गर्‍यो र प्रभुले उसको बिन्तीलाई सुन्नुभयो। उसले परमेश्वरकै उपस्थितिमा बोलिरहेको जस्तो आभास पाइएको थियो। भाइ फकनहेड र सालिसबरीले पनि आफ्नो बिन्ती प्रबल तरिकाले प्रस्तुत गरे। प्रभुले मलाई पनि प्रार्थना गर्न आवाज दिनुभयो। बहिनीहरू फ. पहिलो पल्ट सार्वजनिक रूपमा सत्यको निम्ति उभिएका थिए। त्यस सभामा पवित्र आत्माको उपस्थिति थियो र धेरैले त्यो उपस्थितिको अनुभव गरेका थिए।

सभाको अन्त्यमा धेरै मानिसहरू मञ्चमा आएर मेरो हात समातेर तिनीहरूका निम्ति प्रार्थना गर्न अनुरोध गरे। तिनीहरूका आँखाहरूमा आँशुहरूका थोपा थिए। मैले खुशी भएर जवाफ दिएँ "म प्रार्थना गर्नेछु।" बहिनी फ.हरूले मलाई चिनाए। तिनीहरूका हृदय कोमल भएको मैले महसुस गरेको थिएँ। ती बहिनीहरूका एक जना आमा चर्चको घोर विरोधी थिइन्। यदि उनकी छोरीले साबथ पालन

गरे उनलाई कहिल्यै पनि घरमा नहुल्ने भनेर धम्की दिएकी थिइन्। साबथ पालन गर्नु परिवारको निम्ति बेइज्जत भएको तिनले ठानेकी थिइन्। बहिनी फ.ले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा कहिल्यै पनि समावेश नहुने भनेर अरूहरूलाई धेरै पल्ट सुनाएकी थिइन्। उनी प्रेसबेटेरियन चर्चमा हुर्केकी थिइन्। चर्चको भेलामा स्त्रीले बोल्नु अनुचित छ भनेर तिनलाई सिकाइएको थियो। स्त्रीले चर्चमा प्रवचन दिनु भनेको उक्त चर्चको नीतिको दायराभन्दा बाहिरको थियो। एल्डर दानिएल र कोर्लिसको प्रवचन सुनेर उनी खुशी भएकी थिइन्। तिनीहरू असल वक्ता भनेर उनले सोचेकी थिइन्। तर चर्चमा महिलाले बोलेको उनले कहिल्यै पनि चाहेकी थिइनन्। उनका श्रीमानले उनका निम्ति प्रार्थना गरेका थिए। दिदीमाँ एलेन ह्वाइटको प्रवचन सुनेर उनी परिवर्तन होऊन् भनेर उनले चाहेका थिए। जब मैले प्रवचनको अन्तमा परमेश्वरको नजिक आउन कोही चाहन्छ भने अगाडि आउन अनुरोध गरें तब ती बहिनीहरू पनि आएकाले सबै छक्क परे। एक जना बहिनी अघि नआउने जिकिर गरेकी थिइन् किनकि उनको सानो बालक मरेको थियो। तर प्रभुको आत्माले उनी अघि आउन उनलाई प्रभाव पार्नुभयो र उनले अस्वीकार गर्न सकिनन्। मेरो स्वर्गको पिताको प्रेमप्रति म आभारित छु किनभने ती दुई बहुमूल्य स्त्रीहरू तिनीहरूका श्रीमानहरूसँग आस्था र सत्यमा एकमत हुन निर्णय गरेका थिए।– *द रिभ्यु एण्ड हेराल्ड,* जुलाई ३०, १८९५।

**एडभेन्टिस्ट नभएका पाहुनाहरूले आशफिल्ड चर्चमा प्रतिक्रिया जनाउँछन्**

एउटा घरमा सङ्गतिका निम्ति धेरै मानिसहरू भेला भएका थिए। त्यसबेला मैले परमेश्वरको वचन सुनाएको थिएँ। सभाको अन्त्यमा, परमेश्वरसँग पवित्र करार बाँधेर उहाँलाई हृदयदेखि जीवन सुम्पिन्न कोही तयार छ भने उभिन मैले अनुरोध गरें। घर मानिसहरूले भरिएको थियो। प्रायजसो सबै उभे। कतिपय त एडभेन्टिस्ट चर्चका विश्वासीहरू थिएनन्। तिनीहरूको निम्ति म गम्भीर भएर प्रार्थना गरें।

हामीलाई थाहा छ कि त्यसबेला परमेश्वरको उपस्थिति थियो। हामीले विजय पाएका छौं भनेर हामीले महसुस गऱ्यौं।– *मान्युस्क्रिप्ट* ३० ए, १८९६।

## बाटल क्रिक कलेजमा विशेष आह्वान

मैले कलेजका सहयोगीहरू, नर्सको कक्षा र डाक्टहरूसँग साप्ताहिक प्रार्थना सभाको समयमा पाँच पटक सम्बोधन गरेको थिएँ। मेरा प्रस्तुतिहरूलाई सराहना नै गरेका थिए भन्नेमा म ढुक्क छु। कलेजमा मैले दुई पल्ट सम्वोधन गरें। गएको साताको बिहीबारमा प्रोफेसर प्रेसकटले त्यहाँ आउन मलाई अनुरोध गर्नुभएको थियो। म त्यहाँ गएँ, प्रार्थना गरें र ठुलो सभागृहमा भरिएका विद्यार्थीहरूलाई मैले सम्बोधन गरें। मलाई बोल्न सजिलै भएको थियो। तिनीहरूका सामु परमेश्वरको भलाइ, दया, येशू ख्रीष्ट मानव अवतार लिनुभएर बलि हुनुभएको र हाम्रा निम्ति रगत बगाएर उहाँले हामीलाई खरिद गर्नुभएका विषयहरूमा बोलेको थिएँ। अन्तमा परमेश्वरकै जित हुनेभएकोले येशूभक्तहरू हुनु कस्तो अवसर हो भनेर मैले सुनाएको थिएँ।

प्रोफेसर प्रेसकट उठे र बोल्ने प्रयास गरे, तर उनको हृदय आभारले भरिएको थियो र पाँच मिनेटसम्म त बोल्नै सकेनन्। अनि सबैको सामु रुँदै केही शब्दहरू बोले, "म खुशी छु कि म इसाई हुँ।" उनले पाँच मिनेट जति बोले र सबैलाई बोल्ने मौका दिइयो। त्यसबेला धेरैले गवाहीहरू दिएका थिए। तर एक समूह थियो जसकहाँ हामी पुग्न सफल नभएको जस्तो लाग्छ। येशूको आगमनका निम्ति तयार भएका सबैलाई अगाडि आउन हामीले आग्रह गऱ्यौं। पहिला परमेश्वरलाई विश्वास नगरेका र अहिले विश्वास गरेकाहरू पनि अगाडि आउन हामीले आग्रह गऱ्यौं। पूरै घर हल्लिएको जस्तो मलाई लागिरहेको थियो। आफ्ना भावनाहरू व्यक्त गर्न हामीले सबैलाई मौका दियौं। त्यस पछि केही समय प्रार्थनामा बितायौं र प्रभुको आशिष सबैले पाएको महसुस हामीले गऱ्यौं।

अनि हामी समूहहरूमा विभाजित भयौं र दुई घन्टासम्म काम गर्दै रह्यौं। प्रभुको आत्मा अचम्म तरिकाले सभामा भएको हामीले महसुस गऱ्यौं। कतिपय मानिसहरूलाई धर्मसँग सरोकार थिएन, परमेश्वरमाथि आस्था थिएन तर तिनीहरूले नयाँ आत्मिक जीवनको अनुभव पाए। र अहिले त्यहाँ झन झन गहिरिएर आत्मिक वातावरण बनिरहेको थियो। प्रभुले काम गर्नुभएको छ र त्यो काम जारी नै हुनेछ। जति छिटो हामीले उहाँका निम्ति बाटो तयार पाछौं त्यति छिटो नै हाम्रो जीवनमा उहाँको शक्तिको प्रदर्शन सुरक्षितपूर्वक हामीलाई प्रकट गर्न सक्नुहुनेछ।– लेटरस् ७५, १८८८।

## सान फ्रान्सिस्कोमा सुसमाचार प्रचार गर्न बोलाहत

शुक्रवार, डिसेम्बर २१ (१९००) मा म सानफ्रान्सिस्कोमा गएँ। त्यहाँ साप्ताहिक प्रार्थनामा समय बिताउन गएको थिएँ। त्यहाँ भएको चर्चमा साबथ अपरान्ह मैले सम्बोधन गरें। म एकदम कमजोर थिएँ। पुलपिटमा मैले हात बलियोसँग समात्नु परेको थियो। मानिसहरूलाई सम्बोधन गर्न बल दिन मैले प्रभुसँग अनुरोध गरें। उहाँले मेरो प्रार्थना सुन्नुभयो र बल दिनुभयो। मैले सजिलैसँग प्रकाश २:१-५ बाट प्रवचन दिएँ।

ममाथि पवित्र आत्मा प्रभावकारी रूपमा बसिरहनुभएको मैले महसुस गरें। मैले दिएको सन्देशले मानिसहरूमा गहिरो प्रभाव परेको थियो। मैले बोल्न सकिएपछि जो मानिसहरूले आफ्नो जीवन प्रभुलाई सुम्पिन चाहन्छन् भने तिनीहरू अगाडि आउन मैले आह्वान गरें। धेरै मानिसहरू आए र तिनीहरूको निम्ति प्रार्थना गरिएको थियो। ती आउनेहरूमा धेरैले एडभेन्टिस्ट सन्देश सुनेका थिए तर त्यसलाई ग्रहण गर्न निर्णय गरेका थिएनन्। तिनीहरूमाथि प्रभुको प्रभाव परेकोले उहाँले तिनीहरूलाई बल दिऊन्। तिनीहरूले आफ्नो सम्पूर्ण जीवन उहाँलाई सुम्पून्। ओहो, ती मानिसहरू प्रभुमा परिवर्तन भएको र उहाँको स्तुति प्रशंसा गरेको म कस्तो चाहना गर्छु!

आइतबार अपरान्ह ठुलो सङ्ख्यामा भेला भएका मानिसहरूलाई मैले सम्बोधन गरेँ। तिनीहरूमा कतिपय एडभेन्टिस्ट थिएनन्। मेरो बलको नवीकरण भएको थियो। अब मानिसहरूका सामु उभिँदा पुलपिटमा हात राखेर भर पर्नुपरेन। प्रभुको आशिष ममाथि थियो। जब मैले सम्बोधन गरेँ तब ममा बढी बल आएको थियो। साबथमा जस्तै आत्मिक सहायता खोज्नेहरू अगाडि आउन अनुरोध गरियो। धेरै मानिसहरू आएकोमा हामी खुशी भयौँ। जब हामीले प्रार्थना गऱ्यौँ तब प्रभु हाम्रो नजिक आउनुभएको हामीले महसुस गऱ्यौँ।– *द रिभ्यु एण्ड हेराल्ड,* फेब्रुअरी १९, १९०१।

## प्रत्येक चर्चमा त्यही खालको काम

नभेम्बर १०, साबथमा म सान फ्रान्सिस्कोमा यात्रा गरेँ। त्यहाँ मानिसहरूले खचाखच भरिएको चर्चमा मैले सम्बोधन गरेँ। तिनीहरूले सुन्नका निम्ति तिनीहरूका कानहरू ठाडो पारेका थिए र बुझ्नका निम्ति आफ्नो हृदय खुला राखेका थिए। मैले प्रवचन दिइसकेपछि जो जो येशूलाई आफ्नो जीवन दिन चाहन्छन् तिनीहरू अगाडि आऊन् भनेर एल्डर कोरलिसले आह्वान गरे। त्यहाँ तुरन्तै खुशी भएर मानिसहरू अगाडि आए। त्यसबेला कमसेकम २०० जना अगाडि आए। पुरुष, स्त्री, युवा युवती र केटाकेटीहरू अगाडि आए। प्रत्येक चर्चमा यस्तो भएमा प्रभु अत्यन्तै खुशी हुनुहुनेथियो।

धेरै मानिसहरू अगाडि आउन सकेनन्, किनकि घर मानिसहरूले खचाखच भरिएको थियो। तर तिनीहरूका अनुहार र आनन्दले भरिएका आँखाहरूले यो प्रतिबद्धता देखाएका थिए, "म प्रभुको पक्षमा हुन्छु। आजदेखि म सबभन्दा उच्च गरिमामय परमेश्वरको स्तरमा रहन भरमग्दुर प्रयास गर्नेछु।" -*द रिभ्यु एण्ड हेराल्ड,* फेब्रुअरी १२, १९०१।

## सन् १९०९को जनरल कन्फरेन्समा प्रतिक्रिया

"मेरा भाइ र बहिनीहरू हो, परमेश्वर तपाईंहरूको नजिकै भएको समयमा उहाँलाई खोज्नुहोस् अर्थात् उहाँलाई तपाईंहरूले हृदयमा भित्र्याउनुहोस्। आफ्नो समय र अवसरलाई बरबाद गर्नेहरूले उहाँलाई विश्वास नगरेकोले पछुताव गर्ने समय आइरहेको छ। उहाँलाई विश्वास गर्नुपर्ने कारणलाई सम्झिराख्नुहोस् र उहाँमाथि विश्वास राख्न परिश्रम गर्दै रहनुहोस् भनी उहाँ चाहनुहुन्छ। तपाईंहरू चर्चहरूमा गएर उहाँका निम्ति धेरै परिश्रम गरेको उहाँ चाहनुहुन्छ। चर्चभन्दा बाहिरकाहरूका बिचमा संस्थागत रूपमा भेला गराउनुहोस् ताकि तिनीहरूले अन्तिम चेतावनीको सन्देश सुन्न पाऊन् र सत्यको शिक्षालाई सिक्न चासो राखून्। तपाईंहरूलाई दिल खोलेर भित्र्याउने कति ठाउँहरू हुनेछन्। तपाईंहरू आउनुभएकोमा कतिपयले तपाईंहरूलाई धन्यवाद दिनेछन्। तपाईंलाई यस कामले पक्रिराख्ने क्षमताको निम्ति प्रभुले तपाईंहरूलाई शक्ति सम्पन्न गरून्। तपाईंहरू पहिला कहिल्यै नभएको जोशले अगि बढ्नुहोस्। के तपाईंहरूले यो गर्न कतिबद्ध हुनुहुनेछ? के तपाईंहरू अहिले नै उभिएर परमेश्वरमा भरोसा राख्न र उहाँ नै तपाईंको सहायक हुनुहुनेछ भनेर निर्णय गर्नुहुनेछ? (सबै सहभागीहरू उठ्दछन्)।

(प्रार्थना गर्दै) हे इस्रायलको परमप्रभु परमेश्वर म तपाईंलाई धन्यवाद दिन्छु। तपाईंका जनहरूको प्रतिबद्धतालाई स्वीकार गर्नुहोस्। तपाईंको अन्तर्यामी पवित्र आत्मा तिनीहरूमाथि राख्नुहोस्। तिनीहरूद्वारा तपाईंको महिमा देखाउनुहोस्। जब तिनीहरूले सत्यको वचन बोल्दछन्, हामीले पनि तपाईंको मुक्तिको अनुभव गर्न सकून्। आमेन।– जनरल कन्फरेन्स बुलेटिन, मे १८, १९०९।

(१) एलेन जी. ह्वाइटले आफ्नो सार्वजनिक सेवाकार्य प्रभावकारी ढङ्गले चलाउनुहुन्थ्यो। उहाँको प्रवचनमा प्रतिक्रिया जनाउन उहाँले अपेक्षा गर्नुहुन्थ्यो। विभिन्न परिस्थितिहरूमा उहाँले प्रयोग गर्नुभएको यो तरिकाको लेखकद्वारा यहाँ प्रस्तुत गरिएको छ।

स्विटजरलाण्डको बेसेलमा भएको स्विस कन्फरेन्समा सम्बोधन।